जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक ३०४ २०८० साल असार ३० गते शनिबार (15 July 2023 Saturday) मूल्य रु. ५/-




**Log in :** *rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : आइपिएसमा प्रदेशको पहुँच.. ३ पृष्ठमा : जयनगर-कुर्था खण्डमा रेल ... ३ पृष्ठमा २०३० सम्ममा एड्सको ...

## कोशी नदीमा रेलिङ भत्काउँदै ट्रक खस्यो, तीनै जनाको सकुशल उद्दार



**दैनिक समाचारदाता**
**राजविराज, २९ असार ।**

ढोक नं. १० को रेलिङ भत्काउँदै शुक्रबार बिहान एक ट्रक सप्तरी र सुनसरीको सीमामा पर्ने कोशी ब्यारेज पुलबाट नदीमा खसेको छ। प्रहरीका अनुसार शुक्रबार बिहान ७:३० बजेतिर बस र ट्रक एकआपसमा ठोकिएर सो दुर्घटना भएको हो।

पश्चिमबाट पूर्वतर्फ आउँदै गरेको मे.१ख. १७६५ नम्बरको यात्रुबाहक बसलाई साइट दिने क्रममा अचानक अनियन्त्रित भई मे.१ख. ३००७ नम्बरको ट्रक सप्तकोशी नदीमा खसेको प्रहरीले जनाएको छ।

तिब्र गतिका कारण साइट दिने क्रममा दुबै सवारीसाधन एकआपसमा ठोकिएको र अनियन्त्रित भई ट्रक नदीमा खसेको प्रत्यक्षदर्शीहरुले बताएका छन्।

चालकसहित ट्रकमा सवार तीन जनाको डोरीको सहायताले सकुशल उद्दार गरिएको प्रहरीले जनाएको छ। जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता एवं डिएसपी नरेश कुमार सिंहले अहिले पानीको बहाव उच्च भएकाले डुबेको ट्रक देखन नसकिएको तथा खोजतलास भइरहेको जानकारी दिए।

घटनास्थलमा सप्तरी र सुनसरीका प्रहरी पुगेर ट्रकको खोजिकार्य तथा घटना बारे अनुसन्धान गरिरहेको उनको कथन छ।

यता दुई दिनदेखी जारि

***बाँकी अन्तिम पृष्ठमा***

## एमाले नेता चढेको कार दुर्घटना, पाँच जना घाइते



**दैनिक समाचारदाता**
**राजविराज, २९ असार ।**

नेकपा एमाले जिल्ला कमिटी सप्तरीको पुर्ण बैठकमा सहभागी हुन राजबिराजतर्फ आउँदै गरेको कार दुर्घटनामा परेको छ। सो दुर्घटनामा परि पाँच जना नेता घाइते भएका छन्।

सप्तरीको अग्नीसाईर कृष्णासवरन गाउँपालिका ४ छपकीस्थित जण्डोल-बनौली सडकखण्डमा सो कार दुर्घटनामा परेको हो।

कंचनपुरबाट राजबिराजतर्फ जाँदै गरेको कंचनपुर सहरी खानेपानी तथा सरसफाइ आयोजना सप्तरीको बा.प्र.०१-०२७च.४६४७ नम्बरको कार अनियंत्रित भई दुर्घटना भएको प्रहरीले जनाएको छ।

दुर्घटनामा परि एमाले जिल्ला समिती सदस्य बच्चुलाला चौधरी, भुवन केसि, हरिहर बस्नेत, किरण पन्थी, सुनिता कटुवाल घाईते भएका छन्।

घाईतेहरुको राजबिराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा उपचार भइरहेको तथा उनीहरुको अबस्थामा सामान्य रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

## आगलागिमा ६ लाख मुल्य बराबरको क्षति

**दैनिक समाचारदाता**
**राजविराज, २९ असार ।**

सप्तरीको हनुमाननगर कंकालिनि नगरपालिका वडा नं. ४ मधवापुरस्थित दुई घरमा बिहीबार आगलागि भएको छ।

विद्युत सर्ट भइ आगलागि हुँदा स्थानिय रन्जु झाको ४ लाख र बमबम झाको २ लाख मुल्य बराबरको घर तथा धनमाल जलेर क्षति भएको प्रहरीले जनाएको छ।

***बाँकी अन्तिम पृष्ठमा***

भर्ना खुल्यो !
भर्ना खुल्यो !!

विगत १५ वर्ष देखी संचालन हुदै आएको
ओभरसियरी क्याम्पस
( CTEVT बाट मान्यता प्राप्त )

डिप्लोमा इन कम्प्यूटर इन्जिनियरिङ
( ३ बर्षे )

न्यूनतम योग्यता : S.L.C. उत्तीर्ण तथा S.E.E. परीक्षाको स्तरिकृत अंक समग्रमा न्यूनतम १.६ जि. पि. ए. वा S.E.E. मौका परीक्षामा सामेल हुने विद्यार्थीहरुले पनि फाराम भर्न पाउने छ।
फारम भर्ने अन्तिम मिति : २०८० श्रावण १२ गते सम्म।

सम्पर्क :
सफटेक इन्जिनियरिङ कलेज
रुपनी रोड, राजविराज-८ (सप्तरी)
फोन नं.-०३१-५३०८३९, मो.नं. ९८०४७०१४२१, ९८०४७८०६७४

भर्ना खूल्यो । भर्ना खूल्यो ॥ भर्ना खुल्यो ॥।

S.L.C. तथा S.E.E. मा कुनै पनि ग्रेडमा उत्तिर्ण भएको विद्यार्थीहरुले फारम भर्न पाउने छ।
V-JTA भेटनरी जे.टी.ए. १८ महिने
P-JTA बाली विज्ञान १८ महिने

हाम्रा बिशेषताहरु –
- नेपाल सरकारको नीति अनुसार छात्रबृतिको व्यवस्था।
- औषधी पसलको लाइसेन्स लिन पाउने।
- OJT को विशेष व्यवस्था भएको।
- सरकारी तथा गैरसरकारी रोजगार पाउने।
- कलेजको आफ्नो भवनमा राम्रो प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था भएको।

फारम बितरण मिति : २०८०/३/२९ गतेदेखी
फारम बुझाउने अन्तिम मिति : २०८०/४/१२
प्रवेश परिक्षा मिति : २०८०/४/२४ गते दिउँसो १ बजे

जगदम्बा मेडिकल इन्स्टिच्यूट
राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक
फोन नं. ०३१-५३१४७८
मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५

## सम्पादकीय

# वर्षामा सडकको अवस्था बेहाल सम्बन्धीत निकाय मौन

सप्तरीको विभिन्न स्थानका सडकहरुको अवस्था अहिले बेहाल छ । खास गरि वर्षाको समयमा सडकहरुको बास्तविक अवस्था उजागर हुने गरेको छ । सुख्खायाममा जिर्ण रहेका सडकहरुमा जसरीतसरी आवतजावत गर्न सकिन्छ । तर वर्षाको बेला सडक पूर्ण रुपमा हिलाम्मे हुने गर्दा पैदल यात्रा समेत गर्न समस्या हुने गर्दछ । वर्षामा राजविराजमा अहिले सबैभन्दा ठूलो समस्याकै रुपमा सडकको रहेको छ । नगरपालिका क्षेत्र भित्रका अधिकांश सडकको हाल बेहाल भएको छ । कुनै पनि सडकमा निर्धक्क रुपमा हिडडुल गर्न सक्ने अवस्था छैन् । सबै सडक वर्षाका कारण हिलाम्मे बनेको छ । यति मात्र नभएर सडकमा भएको खाडलखुडलले बटुवालाई झनै समस्यामा पारेको छ । नगर क्षेत्र भित्रका सडकहरु नयाँ निर्माणका लागि भत्काइएको छ भने नाला निर्माणका लागि खाल्डो खनिएको छ । तर, पुरानो सडकहरुको अवस्था भने जिर्ण हुँदा अहिलेसम्म सम्बन्धीत निकायको ध्यान पुग्न सकेको छैन् ।

ती सडकहरुमा सवारीसाधनलाई गुड्न त परै जाओस् पैदल हिड्ने यात्रीहरुलाई चिप्लिने डर त्यतिकै छ । यसरी सडकको हाल बेहाल हुँदा कुनै निकाय त्यसतर्फ गम्भिर बन्न सकेका छैनन् । राजविराजस्थित विभिनन वडाका भित्रि सडक खण्डको अवस्था बर्णन गर्ने लायक छैन् । ती सडकखण्डको ठाउँ ठाउँमा सडक भत्किएको छ भने दिनहुँ दुर्घटना हुने गरेको छ । सवारी साधनहरु सोही खाल्डोमा फस्ने गरेको तथा पैदल यात्रीहरु हिलोहुँदै चिप्लिने डरका साथ बाटो काट्न बाध्य छन् ।

यति हुँदा समेत सडक डिभिजन कार्यालय, संघन सहरी विकास तथा राजविराज नगरपालिकाको अस्थायी रुपमा कम्तिमा हिड्ने लायकको बाटो बनाउने तर्फ ध्यान पुगेको छैन् भने स्थानिय पनि सडकको दुर्दशा बारे बोल्न सकिरहेका छैन् । यो राजविराज नगरपालिकावासीका लागि ठूलो विडम्बना हो । यति हुँदा पनि जनता जागरुक हुन सकिरहेका छैन् । तसर्थ यस्ता स्थानिय समस्याप्रति स्थानिय निकाय संवेदनशिल हुनुका साथै स्थानियहरु जागरुक हुनु पनि त्यतिकै आवश्यक छ ।

# आइपिएसमा प्रदेशको पहुँच महत्वपूर्ण

जनकपुरधाम, २९ असार (रासस) ।

देश सङ्घीय संरचनामा गइसकेपछि सबैजसो प्रदेशले प्रदेश लोकसेवा आयोग गठन गरी प्रदेश तथा स्थानीय तहमा आवश्यक कर्मचारी भर्ना तथा बढुवाको काम सुरु गरिसकेका छन् । मधेस प्रदेश त आफ्नै निजामती सेवा ऐन बनाउने पहिलो प्रदेश थियो । यहाँ विसं २०७७ फागुन २८ मा 'प्रदेश निजामती सेवा ऐन, २०७७' प्रमाणीकरण भई लागू गरिएको थियो । अझ सो ऐन बनाउनुअघि नै मधेस प्रदेशसभाले 'प्रदेश लोकसेवा आयोग ऐन, २०७६' बनाएर विसं २०७६ भदौ २२ गते मधेस प्रदेश लोकसेवा आयोग गठन गरिसकेको थियो ।

आयोगले प्रदेश निजामती र प्रदेशभित्रका स्थानीय तहका विभिन्न सेवा समूहका पदपूर्तिका लागि प्राप्त मागअनुसार उम्मेदवार छनोट गरी नियुक्तिका लागि सिफारिस गर्दै आएको छ तर त्यसरी नियुक्त भएका कर्मचारीले आफ्नो वैयक्तिक विवरण अभिलेखका लागि पिआइएस नम्बरसमेत पाउन सकेका छैनन् । अब भने सङ्घीय सरकारको राष्ट्रिय किताबखाना (निजामती)ले प्रादेशिक पिआइएस पोर्टल मधेस प्रदेश सरकारलाई हस्तान्तरण गरेसँगै प्रदेशमै वैयक्तिक विवरणसहितको अभिलेख राख्ने बाटो खुलेको छ ।

बिहीबार प्रदेश प्रमुख हरिशङ्कर मिश्र र मुख्यमन्त्री सरोजकुमार यादवको उपस्थितिमा राष्ट्रिय किताबखाना (निजामती)को तर्फबाट उपनिर्देशक सुशीला अर्याल र मधेस प्रदेश सरकारको तर्फबाट मधेस प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका निमित्त प्रमुख सचिव किशोरकुमार चौधरीले एक समझदारीपत्रमा हस्ताक्षर गरेसँगै प्रदेश कर्मचारीहरूको विवरण अद्यावधिक गर्ने बाटो खुलेको हो ।

वैयक्तिक सूचना प्रणाली (आइपिएस) पोर्टल लामो समयपछि हस्तान्तरण हुनुलाई यहाँ एक ऐतिहासिक कार्य भन्दै सरोकारवालाले खुसी व्यक्त गरेका छन् । समझदारीपत्र आदान-प्रदान तथा पोर्टल हस्तान्तरण समारोहमा प्रदेश प्रमुख मिश्रले प्रदेश तथा स्थानीय कर्मचारीको वैयक्तिक विवरणका लागि काठमाडौँ धाउनुपर्ने बाध्यताको अन्त्य भएकामा खुसी व्यक्त गर्दै यसको पूर्ण र व्यवस्थित सञ्चालनका लागि प्रदेश सरकारले उचित ध्यान दिनुपर्ने बताउनुभयो ।

कार्यक्रममा मुख्यमन्त्री यादवले सङ्घीयताको सबल कार्यान्वयनका लागि मधेस प्रदेश तथा मातहतमा रहेका कर्मचारीको व्यक्तिगत विवरण प्रदेशले नै राख्ने विषय एक ऐतिहासिक सफलता भएको धारणा राख्नुभयो । "मधेस प्रदेश सरकारले पहिलोपटक निजामती कर्मचारी, प्रदेश लोकसेवा र प्रहरी ऐन बनाउने हिम्मत गरेको थियो । यसमा तत्कालीन प्रदेश प्रमुख तिलक परियारको भूमिका पनि स्मरणीय छ", मुख्यमन्त्री यादवले भन्नुभयो, "ढिलै भए पनि कर्मचारीको वैयक्तिक विवरणसम्बन्धी सम्पूर्ण कार्य गर्न सूचना प्रणाली नै प्रदेशलाई हस्तान्तरण गर्नु एक अर्को ऐतिहासिक उपलब्धिका रूपमा लिएको छु ।"

कार्यक्रममा मधेस प्रदेश लोकसेवा आयोगका अध्यक्ष सुरेन्द्रप्रसाद यादव, प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष नाथुप्रसाद चौधरी, मुख्य न्यायाधिवक्ता वीरेन्द्रकुमार ठाकुरलगायतले प्रदेश कर्मचारीको व्यक्तिगत अभिलेख प्रभावकारी ढङ्गले राख्न र अन्य प्रदेशलाई समेत उदाहरणीय सन्देश दिने गरी कार्य गरेर देखाउन सम्बद्ध पक्षलाई आग्रह गर्नुभयो । मधेस प्रदेश कर्मचारीको व्यक्तिगत विवरणको अभिलेखका लागि पिआइएस पोर्टल प्राप्त गर्ने चौथो प्रदेश हो । यसअघि बागमती, गण्डकी र कोशी प्रदेशलाई समेत पोर्टल हस्तान्तरण गरिसकिएको छ ।

राष्ट्रिय किताबखाना (निजामती)का उपमहानिर्देशक अर्यालले पनि पोर्टल हस्तान्तरण भएसँगै लामो समयसम्म कर्मचारीको वैयक्तिक विवरण राख्न नसकेका प्रदेश र स्थानीय तहका हजारौँ कर्मचारीको विवरण अद्यावधिक हुने बताउनुभयो ।

**वैयक्तिक सूचना प्रणाली यस कारण महत्त्वपूर्ण**

नेपालको संविधानले सङ्घीय व्यवस्थानुरुप तीन तहको संरचनासहित अधिकारको बाँडफाँट र जिम्मेवारी तोकेको छ । सोहीअनुसार सङ्घीयता कार्यान्वयन गर्न राजनीतिक सङ्घीयताको कार्यान्वयनले मूर्तरुप लिइसकेको छ भने केही सवालबाहेक वित्तीय सङ्घीयता पनि कार्यान्वयनमा छ । तर सङ्घीयताको महत्त्वपूर्ण पाटोका रूपमा रहेको प्रशासनिक सङ्घीयताको कार्यान्वयनका सन्दर्भमा निजामती कर्मचारीको समायोजनबाहेक अन्य काम समयमै हुनसकेका छैनन् । तथापि प्रशासनिक सङ्घीयतालाई कार्यान्वयन गर्ने सवालमा प्रदेशले आफ्नो एकल अधिकारभित्र पर्ने प्रदेश निजामती सेवासम्बन्धी ऐन बनाई आवश्यक कार्य गर्न तदारुकता देखाएका छन् ।

मधेस प्रदेशमा पनि प्रदेश निजामती सेवा ऐन र सोसम्बन्धी नियमावलीअनुसार प्रदेश लोकसेवा आयोगले आफ्नो काम सुरु गरिसकेको छ । आयोगका अध्यक्ष यादवले चार सय २१ विज्ञापनमार्फत पाँच सय २८ खुला र तीन सय तीन बढुवा प्रक्रियामार्फत आठ सय ३१ कर्मचारीको व्यवस्थापन गरिएको जानकारी दिनुभयो । "लोकसेवा र किताबखानाको सम्बन्ध नङ र मासुको जस्तै हो । वैयक्तिक विवरण कर्मचारीको सेवाको सुरक्षासँग जोडिएको छ", अध्यक्ष यादवले भन्नुभयो ।

त्यसैगरी मधेस प्रदेशका निमित्त प्रमुख सचिव चौधरीले प्रदेशमै निजामती किताबखानाको स्थापना, सञ्चालन र व्यवस्थापन हुनु प्रशासनिक सङ्घीयताको कार्यान्वयनको सवालमा महत्त्वपूर्ण उपलब्धिको सङ्ज्ञा दिनुभयो । "प्रदेश किताबखानाको स्थापनाले निजामती कर्मचारीको सुरु नियुक्तिदेखि अवकाशसम्मको अभिलेख प्रदेशमै अद्यावधिक र सेवाबाट अलग भएका निजामती कर्मचारीले पाउने निवृत्तभरण, उपदानलगायतका सुविधाको अभिलेख राख्ने कामको व्यवस्थापन निकै सहज हुनेछ", उहाँले भन्नुभयो ।

प्रदेश सरकारका विभिन्न निकायलाई नीति निर्माणका लागि आवश्यक पर्ने कर्मचारीसम्बन्धी सूचना तथा तथ्याङ्क उपलब्ध गराउने सूचना केन्द्रको रूपमा समेत किताबखाना महत्त्वपूर्ण हुनेछ । कर्मचारीको वैयक्तिक सूचना प्रणालीमा कार्यालयको सङ्गठन तथा दरबन्दी दर्ता, सिटरोल दर्ता, नियुक्ति, पदस्थापन, सरुवा, बढुवा, तालिम, शैक्षिक योग्यता, पुरस्कार, विभागीय कारबाही, असाधारण एवं अध्ययन बिदाजस्ता कर्मचारीसँग सम्बन्धित विवरण अद्यावधिक गर्ने, अवकाशको सूचना पठाउने, कर्मचारीको स्थायी ठेगाना, इच्छाइएको व्यक्ति परिवर्तन भएमा अभिलेखमा जनाइ जानकारी दिने, कर्मचारीको नोकरी विवरण, सेवा अद्यावधिक तथा जन्ममिति प्रमाणित, सम्पत्तिलगायतका सम्पूर्ण विवरण राख्ने काम हुने गरेको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद् मातहतमा रहेको प्रदेश किताबखानाले अब साउन १ गतेदेखि नियमितरूपमा प्रदेशका कर्मचारीको विवरण राख्ने छ ।

# डेङ्गु विरुद्धको अभियान सञ्चालन गर्न पुनःआग्रह

काठमाडौँ, २९ असार (रासस) ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले डेङ्गु सङ्क्रमण बढ्न थालेपछि डेङ्गु विरुद्धको अभियान सञ्चालन गर्न पुनःआग्रह गरेको छ ।

मन्त्रालयका सहप्रवक्ता डा समिरकुमार अधिकारी दैनिकजसो पानी परेसँगै डेङ्गुको सङ्क्रमण बढ्न थालेपछि सबै कर्मचारीलाई आफ्नो कार्यालय वरिपरि डेङ्गु विरुद्धको सरसफाइ अभियानमा सहभागी हुन आग्रह गरिएको जानकारी दिनुभयो ।

उहाँका अनुसार मन्त्रालयले हरेक शुक्रबार बिहान साढे १० बजे सबै कर्मचारी सहभागी भई सरकारी तथा सार्वजनिक कार्यालय हाताभित्र र वरपर सरसफाइ अभियान सञ्चालन गरी लामखुट्टेको बासस्थान पत्ता लगाई नष्ट गर्न आग्रह गरिएको छ । यस्तै आमसर्वसाधारण, निजी क्षेत्र र सरोकारवाला सबै व्यक्ति एवं निकायले आआफ्नो स्थानमा सहभागिता, सहजीकरण एवं समन्वय जनाई डेङ्गु विरुद्धको अभियान सफल पार्न आग्रह गरिएको छ ।

नेपालमा पहिलो पटक सन् २००४ मा एक जनामा डेङ्गु देखिएको थियो । गएको पुसयता एक हजार तीन सय ३७ जनामा सङ्क्रमण छ भने एक जनाको निधन भइसकेको छ । मन्त्रालयले लामखुट्टेबाट बच्नका लागि सधैँ झुल टाँगेर मात्र सुत्न, खेतबारीमा काम गर्दा लामो बाहुला भएको लुगा लगाउन, घरको झ्याल ढोकामा जाली हाल्न अनुरोध गरेको छ । सम्भव भएसम्म लामखुट्टे नै भगाउने धूप वा मलमको प्रयोग गर्न, घरपालुवा पशुपक्षी व्यवस्थित ढङ्गले पाल्न र घरवरिपरि गमला, टायर वा कुनै पनि खुला भाँडामा पानी जम्न नदिन पनि मन्त्रालयले आग्रह गरेको छ । यसैगरी उपत्यकाका स्थानीय तहले साउनदेखि 'लामुखट्टेको बासस्थान खोज र नष्ट गर' अभियान सञ्चालन गर्ने भएका छन् ।

इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका किटजन्य रोग नियन्त्रण शाखाका प्रमुख डा गोकर्ण दाहालले डेङ्गुका बिरामी बढ्न थालेपछि स्थानीय तह र सर्वसाधारणलाई पनि सरसफाइ गर्न आग्रह गरिएको जानकारी दिनुभयो । उहाँले पानी परेसँगै पानी जम्ने र जमेको पानीमा लामखुट्टेका लार्भा बढ्न थाल्ने भएकोले सरसफाइ अभियान सञ्चालन गर्न भनिएको बताउनुभयो । डेङ्गु पानी जम्ने सफा ठाउँमा 'एडिज एजिप्टी र एडिस एल्बोपिक्टस' प्रजातिको लामखुट्टेले फुल पार्दछ र ती फुलबाट लार्भा निस्कन्छ र त्यही लार्भा वयस्क भएर टोकेपछि डेङ्गु रोग लाग्दछ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# जयनगर-कुर्था खण्डमा रेल आइतबारदेखि चल्ने

**राजु विश्वकर्मा**

वीरगन्ज, २९ असार (रासस)।

भारतको जयनगरबाट महोत्तरीको बिजलपुरासम्म रेल सेवा सञ्चालन गर्ने तयारी भएको छ। जयनगरबाट धनुषाको कुर्थासम्म गत २०७८ चैत २० गतेदेखि सञ्चालन हुँदै आएको रेल सेवालाई यही असार ३१ गतेदेखि महोत्तरीको बिजलपुरासम्म सञ्चालन गर्न लागिएको छ।

जयनगर-बर्दिबास रेलमार्गअन्तर्गत धनुषाको कुर्थाबाट महोत्तरीको बिजलपुरासम्म १७ किलोमिटर ब्रोडगेज रेलमार्ग निर्माणकार्य सम्पन्न भएसँगै बिजलपुरासम्म रेल सञ्चालन हुने निश्चित भएको हो। निर्माणकार्य सम्पन्न भएको कुर्थाबाट बिजलपुरासम्मको रेल्वे ट्र्याक गत जेठ १८ गते भारतीय रेल्वे कम्पनी इरकन इन्टरनेसनल कम्पनी लिमिटेडका महाप्रबन्धक दीपक कुमारले नेपाल रेल्वे कम्पनी लिमिटेडका महाप्रबन्धक निरञ्जकुमार झालाई हस्तान्तरण गर्नुभएको थियो।

"ट्र्याक हस्तान्तरण गरिसकेको छ, अब जयनगरबाट कुर्था हुँदै बिजलपुरासम्म रेल सञ्चालन गर्न लागेका छौँ", महाप्रबन्धक झाले भन्नुभयो। भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाले उक्त सेवाको उद्घाटन गर्ने कार्यक्रम छ। हाललाई कुर्थाबाट बिजलपुरासम्म दैनिक एकपटक सेवा प्रदान गरिने उहाँले बताउनुभयो।

कुर्थाबाट बिजलपुरासम्मको १७ किलोमिटर रेल्वे ट्र्याक निर्माण सम्पन्न भएर हस्तान्तरण भइसके पनि बिजलपुराबाट बर्दिबाससम्मको १८ किलोमिटर रेलमार्ग निर्माणमा जग्गा मुआब्जा विवाद बाधक बन्दा समस्या भएको छ। "जग्गा मुआब्जालगायत कारण बिजलपुरा भङ्गहाबाट बर्दिबाससम्म रेलमार्ग निर्माणको काम प्रभावित भएको छ", नेपाल रेल्वे कम्पनीका इन्जिनियर रवीन्द्रकुमार साहले भन्नुभयो, "कतिपय ठाउँमा सडक छ, तर नक्सामा छैन, तैपनि स्थानीयले मुआब्जा मागिरहेका छन्।" यही कारणले बिजलपुराबाट बर्दिबाससम्म रेल्वे ट्र्याक निर्माणको काममा समस्या भएको छ।"

मुआब्जाको समस्या समाधान भएपछि दुई वर्षभित्र ब्रोडगेज रेलमार्ग निर्माण सकेर बर्दिबाससम्म पनि रेल चल्ने साहले भन्नुभयो। रेल सञ्जाललाई नेपालमा विस्तार गर्नेबारे नेपाल सरकार र भारत सरकारबीच सन् २०१० मा द्विपक्षीय सम्झौता भएको थियो। सोहीअनुसार २०११ माघमा निर्माणको थालनी भएको थियो। ब्रोडगेज निर्माणको ठेक्का भारतीय ठेकेदार कम्पनी इरकन इन्टरनेसनल लिमिटेडले प्राप्त गरी कम्पनीको निगरानीमा धनुषा र महोत्तरीमा दुई निर्माण कम्पनीलाई ठेक्का दिएर काम अघि बढाइएको नेपाल रेल्वे कम्पनीले जनाएको छ।

विसं २०७८ चैत १९ गते तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले संयुक्तरूपमा उद्घाटन गरेपछि चैत २० गतेदेखि जयनगरबाट कुर्थासम्म नियमित रेल सेवा सञ्चालन हुँदै आएको छ। जयनगर-कुर्था ३५ किलोमिटर रेल्वे मार्गमा अहिले दैनिक दुईपटक आउने र दुईपटक जाने गरेको छ। यात्रुको चाप बढ्दै गएको नेपाल रेल्वे कम्पनीले जनाएको छ।

नेपालमा रेल सञ्चालनका लागि भारतीय जनशक्ति र भारतमै इन्धन भर्नुपर्ने बाध्यताबाट मुक्त गरी नेपाली रेल सेवालाई आत्मनिर्भर बनाउन नेपाल रेल्वे कम्पनीले विभिन्न योजना अघि बढाएको महाप्रबन्धक झाले बताउनुभयो। तत्काल स्थायी कर्मचारीको सङ्गठन संरचना निर्माण, वासिङ सेन्टर र फ्युल सेन्टर निर्माण तथा जयनगर कुर्था खण्डमा कार्गो रेल सेवा सञ्चालनको तयारी सुरु गरिएको महाप्रबन्धक झाले बताउनुभयो।

नेपाल रेल्वे कम्पनीको आफ्नो वासिङ सेन्टर नहुँदा भारतमा रेलको वासिङ गराउनुपर्ने र अहिले रेलको वासिङ गराउन मात्र भारतीय कम्पनीलाई ठूलो मात्रा वार्षिक रकम खर्च गर्दै आएको छ। "नियमित रेल सेवा सञ्चालन हुँदै आए पनि आफ्नो वासिङ सेन्टर र फ्युँल सेन्टर नहुँदा भारतमा रेलको वासिङ गराउनुपर्ने अवस्था छ", नेपाल रेल्वे कम्पनीका महाप्रबन्धक झाले भन्नुभयो, "जसका कारण हामीले वासिङमा मात्र धेरै रकम खर्चिँदै आएका छौँ।" भारतमा फ्युँल भराउँदा २८ प्रतिशत कर तिर्नुपर्ने अवस्था छ, यसबाट हामी बर्सेनि ठूलो रकम खर्चिन बाध्य छौँ", उहाँको भनाइ छ।

"नेपाल रेल्वे कम्पनीले आफ्नो वासिङ सेन्टर, वर्कसप र फ्युँल सेन्टर स्थापना गर्न सकिए वार्षिक करिब रु १०-१२ करोडभन्दा बढी रकम बचत हुनसक्छ", महाप्रबन्धक झाले भन्नुभयो, "त्यसका लागि हामीले योजना बनाएर अघि बढेका छौँ, नेपालमै वासिङ सेन्टर र फ्युँल सेन्टर निर्माण गर्ने योजना तयार पारेका छौँ।" नेपाली रेल सञ्चालन गर्न नेपाली जनशक्ति नहुँदा अहिले भारतीय जनशक्तिबाट रेल सञ्चालन हुँदै आएको छ।

"हामीले तत्काल स्थायी प्रकृतिको कर्मचारी माग गरेका छौँ, आएपछि उहाँहरूलाई तालिम दिएर दक्ष बनाइने योजना अघि बढाएका छौँ", उहाँले भन्नुभयो, "स्थायी कर्मचारीको सङ्गठन संरचना र दरबन्दीको सहमतिका लागि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमार्फत नेपाल रेल्वे कम्पनीको फायल विगत दुई महिनादेखि अर्थ मन्त्रालयमा अड्किएको छ, जसका कारण काम अघि बढाउन समस्या भइरहेको छ।" जयनगर-कुर्था खण्डमा यात्रुबाहक रेल सेवासँगै कार्गो रेल सेवा सञ्चालन गर्ने तयारीमा जुटेको उहाँको भनाइ छ।

रेल चल्न थालेसँगै जनकपुरसहित मधेस प्रदेशको पर्यटन, धार्मिक क्षेत्रको विकास र स्थानीय उत्पादनको निर्यात बढेको जनकपुरधाम उद्योग वाणिज्य सङ्घका उपाध्यक्ष अम्बु साहको भनाइ छ। जयनगर कुर्था खण्डमा रेल रोकेर यात्रु चढाउन र झार्नका लागि सात ठाउँमा स्टेशन/हल्ट रहेका छन्। जयनगरबाट कुर्थासम्म कुर्था, परवाहा, बैदेही, महिनाथपुर, खजुरी, इनर्वा र जयनगर छन् भने अब बिजयपुरासम्म थप दुई हल्ट र दुई स्टेशन थपिएका छन्। भारतको सरकारी कम्पनीमार्फत रेल सेट खरिद गरेर करिब तीन वर्षअघि नेपाल आइपुगे पनि विभिन्न समस्याका कारण सञ्चालन हुनसकेको थिएन।

# भारी वर्षाको सम्भावना : आवश्यक सतर्कता अपनाउन अनुरोध

काठमाडौँ, २९ असार (रासस)।

हाल देशमा मनसुनी वायुको प्रभाव रहनुका साथै न्यूनचापीय रेखा पश्चिमतिर सरदर स्थानभन्दा दक्षिणतर्फ तथा पूर्वतिर सरदर स्थानभन्दा उत्तरतर्फ (नेपाल नजिक) अवस्थित रहेको छ।

जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाका अनुसार उक्त मौसमी प्रणालीको प्रभावले हाल देशभर आंशिकदेखि सामान्य बदली रहनुका साथै सबै प्रदेशका केही स्थानमा हल्कादेखि मध्यम वर्षा भइरहेको छ। कोशी र गण्डकी प्रदेशका एक/दुई स्थानमा मेघगर्जन चटचाङसहित भारी वर्षा भइरहेको महाशाखाले जनाएको छ। मधेस प्रदेश र लुम्बिनी प्रदेशअन्तर्गत तराई क्षेत्रका थोरै स्थानमा हवाहुरीको सम्भावना रहेको छ।

शुक्रबार दिउँसो देशभर बदली रहनुका साथै सबै प्रदेशमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहनुका साथै कोशी र गण्डकी प्रदेशका केही स्थानमा भारी वर्षाकोसमेत सम्भावना रहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।

यसैबीच महाशाखाले आगामी २४ घन्टाका लागि चेतावनी जारी गर्दै देशका कतिपय स्थानमा भारी वर्षा र तराई क्षेत्रमा हावाहुरीको सम्भावना रहेकाले आवश्यक सतर्कता अपनाउन अनुरोध गरेको छ।

सडक तथा हवाई यातायात, स्वास्थ्य, कृषि, पर्यटनलगायत क्षेत्रका साथै दैनिक जनजीवनसमेत प्रभावित हुनसक्ने भन्दै सम्भावित जोखिम वा क्षतिबाट बच्न आवश्यक सतर्कता अपनाउन महाशाखाले अनुरोध गरेको छ।

# सुर्तीजन्य पदार्थमा कर बढाउन राष्ट्रियसभाका सांसदको माग

काठमाडौँ, २९ असार (रासस)।

राष्ट्रियसभाको शुक्रबारको बैठकमा सांसदहरूले सुर्तीजन्य वस्तुको कर बढाउन माग गर्नुभएको छ।

आर्थिक विधेयक, २०८० माथिको दफाबार छलफलमा भाग लिनुहुँदै सांसद देवेन्द्र दाहालले सुर्तीजन्य पदार्थको करमा संशोधनको प्रस्ताव पेश गर्नुभयो। आर्थिक विधेयक २०८० ले विदेशबाट आयात गरिने र स्वदेशमै बनेको बिँडीमा प्रतिखिल्ली ३० पैसा, चुरोट र सिगारमा प्रतिखिल्ली ६० पैसा र तयारी खाने खुर्ती, गुट्खा, पान मसला प्रतिकिलो प्रतिकिलो रु ६० का दरले स्वास्थ्य जोखिम कर लगाई असुल हुने उल्लेख गरेको छ।

प्रस्तावमा बिँडीमा प्रतिखिल्ली ३० पैसाको सट्टा ४०, चुरोट र सिगार ६० पैसाको सट्टा ७५ पैसा कामय गर्ने र खुर्ती, गुट्खा, पान मसला तयारी प्रतिकिलो रु ६० रहेकामा बढाएर रु ७० पुऱ्याउन माग गरिएको छ।

सुर्तीजन्य वस्तुको प्रयोगका कारण स्वास्थ्यलाई हानि गर्ने र क्यान्सरजस्तो गम्भीर रोग निम्त्याउने भएका कारण स्वास्थ्य सेवा कर बढाइनुपर्ने सांसद दाहालले बताउनुभयो। सुर्तीजन्य वस्तुको बिक्री वितरणबाट उठाइने करमध्ये ८० प्रतिशत क्यान्सर अस्पताल र स्वास्थ्य सेवामा खर्च गरिनुपर्ने सुझाव राष्ट्रियसभाबाट आएको छ।

# करका प्रस्ताव आवश्यकताअनुसार संशोधन गर्न सकिन्छ : अर्थमन्त्री महत

काठमाडौँ, २९ असार (रासस)।

अर्थमन्त्री डा प्रकाशशरण महतले सरकारले आर्थिक विधेयक, २०८० मार्फत गरेका करका प्रस्ताव आवश्यकताअनुसार संशोधन गर्न सकिने बताउनुभएको छ।

राष्ट्रियसभाको शुक्रबारको बैठकमा आर्थिक विधेयक २०८० माथि दफावार छलफलका क्रममा उठेका प्रश्नहरूको जवाफ दिँदै उहाँले करका दर प्रस्ताव गर्दा सकारात्मक र नकारात्मक पक्षको समीक्षा गरिने र सोहीअनुसार संशोधन गर्न सकिने बताउनुभएको हो। "करका विषयमा कहाँ के गर्दा ठीक हुन्छ भन्ने विषयमा हामी खुला छौँ। हामीले गरेका प्रस्ताव दायाँबायाँ हुँदैन भन्ने छैन। मोटामोटी आङ्कलन गरेर समग्रमा यसो गर्दा ठीक हुन्छ भन्ने भएर प्रस्ताव गरिएको हो", अर्थमन्त्री महतले भन्नुभयो, "हामीले प्रस्ताव गरेका करका दरले कहाँ सकारात्मक र नकारात्मक असर परेको छ समीक्षा गरी सोही अनुसार दर निर्धारण हुन्छन्।"

राष्ट्रियसभाको शुक्रबारको बैठकमा सांसदहरूले सुर्तीजन्य वस्तुमा लाग्दै आएको स्वास्थ्य जोखिम कर बढाउनुपर्ने माग गर्नुभएको थियो तर सुर्तीजन्य वस्तुमा अन्तःशुल्क, मूल्य अभिवृद्धि कर र स्वास्थ्य जोखिमसमेत जोड्दा उच्चदरमा कर लागिरहेको उहाँको भनाइ थियो। आर्थिक विधेयकमा राखिएको वैदेशिक पर्यटन शुल्क विदेशबाट नेपालमा आउने पर्यटकका लागि नभई विदेश घुम्न जाने नेपालीका लागि लगाइएको कर भएको पनि अर्थमन्त्री महतले स्पष्ट पार्नुभयो।

पछिल्लो समय मुलुकको अर्थतन्त्र सुधारोन्मुख रहेको पनि उहाँको भनाइ थियो। "अर्थतन्त्र चलायमान हुँदैछ। मूल्यवृद्धि घट्दै गएको छ। ब्याजदर सहज हुँदै गएको छ। यसलेगर्दा राजस्व वृद्धि हुने प्रसस्त आधार दिन्छ", मन्त्री महतले भन्नुभयो।

## विश्व समाचार

# २०३० सम्ममा एड्सको अन्त्य सम्भव : राष्ट्रसंघ

जेनेभा, २९ असार (रासस/एएफपी)।

संयुक्त राष्ट्रसङ्घले सन् २०३० सम्ममा 'एड्सको अन्त्य' अझै सम्भव रहेको बताएको छ तर विश्व नेताहरूले अवसरको सदुपयोग गरेमात्र विश्वको सबैभन्दा घातक महामारी रोक्न सकिने चेतावनी दिएका छन्।"एड्सलाई सार्वजनिक स्वास्थ्य खतराको रूपमा अन्त्य गर्न सकिन्छ किनकि यसले लगानी, प्रमाणमा आधारित रोकथाम र उपचारको रोडम्याप, नागरिक समाजलाई सशक्तीकरण र असमानताहरूको सामना गर्न प्रगतिलाई रोक्छ," एचआईभी एड्ससम्बन्धी संयुक्त राष्ट्रसङ्घीय कार्यक्रम (यूएनएड्स ले भनेको छ। युएनएड्सले महामारीको अन्त्य राजनीतिक र आर्थिक विकल्प भएको बताएको छ।

एजेन्सीका कार्यकारी निर्देशक विनी ब्यानिमाले भन्नुभयो, "हामी एड्सको अन्त्य गर्ने बाटोमा अझै पुगेका छैनौं, तर हामी त्यो प्रयासमा सफल हुन सक्छौं।" संयुक्त राष्ट्रसङ्घले सन् २०३० सम्ममा एड्सलाई जनस्वास्थ्यका लागि खतराका रूपमा अन्त्य गर्ने लक्ष्य सन् २०१५ मा लिएको थियो।ब्यानिमाका अनुसार एचआईभी अर्थात् एड्स गराउने भाइरसबारे सबैभन्दा ठूलो प्रगति ती देश र क्षेत्रमा भइरहेको छ, जसले कडा लगानी गरेका छन्।

उहाँले पूर्वी र दक्षिणी अफ्रिकालाई उद्धृत गर्दै भन्नुभयो, "ती मुलुकमा सन् २०१० यता नयाँ एचआईभी सङ्क्रमण ५७ प्रतिशतले घटेको छ।"बोत्सवाना, इस्वातिनी, रूवान्डा, तान्जानिया र जिम्बाब्वेले ९५-९५-९५ को लक्ष्य हासिल गरिसकेका छन्। यसको अर्थ एचआईभी सङ्क्रमितमध्ये ९५ प्रतिशतलाई आफ्नो अवस्था थाहा छ। एचआइभी भएको थाहा पाएकामध्ये ९५ प्रतिशत उनीहरूले आफूलाई जीवन बचाउने एन्टी-रेट्रोभाइरल उपचार गराइरहेका छन्। सङ्क्रमितमध्ये ९५ प्रतिशत मानिसहरू सङ्क्रमणलाई दबाउन उपचार गरिरहेका छन्। त्यसैले अरूलाई सङ्क्रमित गर्ने सम्भावना छैन।

कम्तीमा पनि १६ वटा अन्य देश यो लक्ष्य हासिल गर्ने उद्देश्यको नजिक पुगेका छन्। ९५ प्रतिशतको लक्ष्य हाँशिल गर्ने मुलुकमा ६५ प्रतिशत एचआइभी सङ्क्रमित बसोबास गर्ने उप-सहारा अफ्रिकाका आठ र डेनमार्क, कुबेत र थाइल्याण्डलगयुएनएड्सले एक प्रतिवेदनमा भनेको छ, "दुई दशकअघि एड्सको महामारी रोक्न नसकिने जस्तो देखिन्थ्यो, हरेक वर्ष २५ लाखभन्दा बढी मानिस एचआईभी सङ्क्रमित हुने र एड्सले बार्षिक २० लाख मानिसको ज्यान लिने गरेको थियो। तर अहिले त्यो चित्र नाटकीय रूपमा फरक छ।"

युएनएड्सका अनुसार सन् २०२२ मा विश्वमा तीन करोड ९० लाख मानिस एचआइभी सङ्क्रमित थिए जसमध्ये दुई करोड ९८ लाखले एन्टी रेट्रोभाइरल थेरापीको प्रयोग गरिरहेका छन्। यो सेवाबाट छुट्नेमा छ लाख ६० हजार बालबालिका रहेका छन्।सन् २०१० मा एन्टी-रेट्रोभाइरल उपचारको सङ्ख्या ७७ लाख रहेकोमा अहिले चार गुणाले वृद्धि भएको छ।यसबाहेक, एचआईभी सङ्└ क्रमित ८२ प्रतिशत गर्भवती र स्तनपान गराउने महिलाहरूले सन् २०२२ मा एन्टी-रेट्रोभाइरल उपचारको पहुँच पाएका थिए। यो सङ्ख्यासन् २०१० मा ४६ प्रतिशत थियो।गत वर्ष करिब १३ लाख मानिस एचआइभी सङ्क्रमित भएका थिए, जुन सन् १९९५ को तुलनामा ५९ प्रतिशतले कम हो।

यसैबीच एड्ससँग सम्बन्धित रोगका कारण छ लाख ३० हजार मानिसको मृत्यु भएको र मोजाम्बिकलगायतका देशमा यो अझै पनि 'मृत्युको एक नम्बर कारण' रहेको ब्यानिमाले बताउनुभयो। सन् २००४ को तुलनामा एड्सका कारण हुने मृत्युको सङ्ख्या मा ६९ प्रतिशतले कमी आएको प्रतिवेदनमा उल्लेख छ। "एड्सको अन्त्य एउटा अवसर हो," ब्यानिमाले भन्नुभयो। "आजको विश्व नेतृत्वलाई 'संसारको सबैभन्दा घातक महामारीलाई रोक्नेहरूका रूपमा सम्झने अवसर प्रदान गर्न यसको नियनत्रणमा उनीहरूले खेल्ने भूमिका रहने छ।"

सन् २०२२ मा एचआइभीका लागि दिइने अनुदान २०.८ अर्ब डलरमा झरेको छ, जुन सन् २०१३ को जस्तै हो र सन् २०२५ सम्ममा आवश्यक पर्ने २९.३ अर्ब डलरभन्दा निकै कम हो।"मुख्य जनसङ्ख्या वा उनीहरूको व्यवहारबाट मानिसहरूलाई अपराधीकरण गर्ने कानूनहरू धेरै राष्ट्रहरूमा लागू छन्," लागुऔषध इन्जेक्टरहरूको अपराधीकरण र कलङ्कले उनीहरूलाई उपचारको लागि अगाडि आउनबाट रोक्छ भन्ने उदाहरण दिँदै यूएनएड्सले भनेको छ। सन् २०२२ मा १५ देखि ४९ वर्ष उमेर समूहका वयस्कको तुलनामा पुरुषसँग यौन सम्बन्ध राख्ने पुरूष एचआईभीको सङ्क्रमण ११ गुणा बढी देखिएको थियो भने यौनकर्मीहरूमा चार गुणा बढी; लागूपदार्थको सुई लगाउन मानिसमा सात गुणा बढी; र ट्रान्सजेन्डर व्यक्तिहरूमा १४ गुणा बढी छ।

# भारतीय मानवरहित चन्द्रयान-३ प्रक्षेपण

श्रीहरिकोटा, भारत, २९ असार (रासस/एएफपी)।

भारतले चन्द्रमाको सतहमा मानवरहित अन्तरिक्ष यान अवतरण गर्ने प्रयासलाई निरन्तरता दिँदै चन्द्रयान-३ प्रक्षेपण गरेको छ।दक्षिणी राज्य आन्ध्र प्रदेशको श्रीहरिकोटाबाट चन्द्रयान-३ (रकेट) अन्तरिक्ष यान लिएर उडेको हो। विश्वको सबैभन्दा धेरै जनसङ्ख्या भएको यो राष्ट्रसँग 'कट-प्राइस एयरोस्पेस' कार्यक्रम छ जुन विश्वव्यापी अन्तरिक्ष शक्तिहरूले अन्तरिक्षमा पुग्न पाएको सफलतापछि द्रूत गतिमा बन्द गरेका छन्। यसअघि रूस, संयुक्त राज्य अमेरिका र चीनले मात्र चन्द्रमाको सतहमा नियन्त्रित अवतरण गरेका थिए।

चन्द्रमामा यान प्रक्षेपण गर्ने भारतको अन्तिम प्रयास ग्राउन्ड कन्ट्रोलले रकेट अवतरण गर्नुभन्दा केही क्षणअघि सम्पर्क गुमाएपछि चार वर्षअघि असफल भएको थियो।यदि भारतीय अन्तरिक्ष यानको बाँकी भाग योजना अनुसार अघि बढ्यो भने चन्द्रयान-३ अगस्ट २३ देखि २४ को बीचमा चन्द्रमाको सानो खोजी गरिएको दक्षिणी ध्रुवनजिकै सुरक्षित रूपमा अवतरण हुनेछ। यसैबीच फ्रान्स भ्रमणमा रहेका भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले ट्वीट गर्दै यो मिसनले 'हाम्रो राष्ट्रको आशा र सपना' बोकेको बताउनुभएको छ।भारतीय अन्तरिक्ष अनुसन्धान सङ्गठन (आइएसआरओ) द्वारा बनाइएको चन्द्रयान-३ अन्तरिक्ष यानमा विक्रम नामको ल्यान्डर र ज्ञानको लागि संस्कृत शब्द प्रज्ञान नामको रोभर समावेश गरिएको छ।

अभियानले सफलता पाएमा चन्द्रमाको दक्षिणी सतहलाई छोएपछि रोभरले विक्रमलाई रोल गर्नेछ र नजिकैको क्षेत्र अन्वेषण गर्नेछ र यसको विश्लेषणको लागि पृथ्वीमा छविहरू फिर्ता पठाउनका सङ्कलन गर्नेछ। रोभर एक चन्द्र दिन वा पृथ्वीको १४ दिनको अभियानका लागि काम गर्न सक्षम रहने भारतीय अन्तरिक्षविद्ले बताएका छन्।

# उत्कृष्ट तीन विद्यार्थी पुरस्कृत



**दैनिक समाचारदाता**
**राजबिराज, २९ असार ।**

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका १ स्थित वी.पी. स्मारक पब्लिक माध्यमिक विद्यालयका उत्कृष्ट तीन विद्यार्थीलाई शुक्रबार पुरस्कार प्रदान गरिएको छ ।

बि.स.२०७९को एसईई परिक्षामा सर्वाधिक अंक ल्याएर उत्तीर्ण उक्त विद्यालयका तीन जना विद्यार्थीहरुलाई २५/२५ हजार नगद पुरस्कार प्रदान गरिएको हो ।

पुरस्कार पाउनेमा २.७ जीपीए ल्याउने दिपेश कुमार माझी, २.६५ जीपीए ल्याउने पिंकी कुमारी साह र २.३५ जीपीए ल्याउने दिपा कुमारी मिश्र रहेकी छिन् ।

मातृभूमि प्रतिष्ठान नेपालले संस्थाको अध्यक्ष लोगीको अध्यक्षतामा आयोजना गरेको उक्त पुरस्कार तथा सम्मान कार्यक्रमका प्रमुख अतिथि हनुमाननगर कंकालिनी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत हरिमोहन सुतिहारले उक्त पुरस्कार विद्यार्थीहरुलाई हस्तान्तरण गरे ।

राजबिराज टुडे दैनिक पत्रिकको सहयोगमा मातृभूमि प्रतिष्ठान नेपालले आयोजना गरेको पुरस्कार बितरण कार्यक्रममा पत्रिकाका प्रमुख सम्वाददाता धर्मपाल राउतले एक लाख रुपैयाँको चेक मातृभूमि प्रतिष्ठान नेपाल संस्थाका अध्यक्ष सुनिल लोगीलाई प्रदान गरे ।

कार्यक्रममा विद्यालयका शिक्षक शिवशंकर मंडल, भोगेन्द्र प्रसाद साह, स्थानीय युवा संतोष मंडल लगायतका व्यक्तिहरुको उपस्थिति रहेको थियो ।

# रासायनिक मल कारखाना स्थापनाका लागि अघि बढ्यो प्रारम्भिक प्रक्रिया

काठमाडौँ, २९ असार (रासस) ।

करिब रु ९३ अर्ब ५३ करोड (७१ करोड ४० लाख अमेरिकी डलर) बराबरको लगानी रहने गरी नेपालमा रासायनिक मल कारखाना निर्माणको प्रारम्भिक प्रक्रिया सुरु भएको छ ।

प्रधानमन्त्री अध्यक्ष रहने लगानी बोर्डको कार्यालयले बिहीबार एक जर्मन कम्पनीसँग रासायनिक मल कारखाना स्थापनाका लागि समझदारीपत्रमा हस्ताक्षर भएको छ । समझदारीपत्रमा बोर्डका प्रमुख कार्यकारी अधिकृत सुशील भट्ट र जर्मन कम्पनी डिआग इन्डस्ट्रिज जीएमबीएचका प्रबन्ध निर्देशक बेन्जामिन बेकरले हस्ताक्षर गर्नुभएको हो ।

सार्वजनिक निजी साझेदारी तथा लगानी नियमावली, २०७७ को व्यवस्था अनुसार, बोर्डको गत चैत १७ गते सम्पन्न ५०औँ बैठकले सो कम्पनीलाई अध्ययन अनुमतिपत्र प्रदान गर्ने निर्णय गरेको बोर्डका प्रवक्ता अमृत लम्सालले जानकारी दिनुभयो । साथै प्रस्तावकसँग गरिने समझदारीपत्रको मस्यौदा गत चैत ३० मा सम्पन्न लगानी बोर्डको ५३औँ बैठकले स्वीकृत गरेको थियो ।

समझदारीपत्रको प्रावधान बमोजिम प्रस्तावक कम्पनीलेले अनुमतिपत्र प्राप्त गरेको २४ महिना भित्र बोर्डको कार्यालयसमक्ष पेश गर्नुपर्नेछ । प्रस्तावक कम्पनीले हाइब्रिड, ग्यास वा दुवैमध्ये कुन उपयुक्त प्रविधिमध्ये एउटा उपयुक्त प्रबिधि प्रयोग गरी बार्षिक सात लाख टन रासायनिक मल (युरिया) उत्पादन गर्ने प्रस्ताब गरेको छ । सो प्रबिधि र क्षमतामा रासायनिक मल उत्पादनका लागि अमेरिकी झण्डै रु ९३ अर्ब ५३ करोड बराबरको लगानी लाग्नेछ ।

साथै आगामी आर्थिक बर्षको बजेटमा लगानी बोर्डको सहजीकरणमा सार्वजनिक निजी साझेदारीमा नेपालमा रासायनिक मल कारखाना स्थापनासम्बन्धी विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने उल्लेख छ । समझदारीपत्रमा हस्ताक्षर कार्यक्रमलाई सम्बोधन गर्दै लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृतज्यूले विश्वसनीय अध्ययनले जोखिम न्यूनीकरणसहित परियोजनाको कार्यान्बयन र दीगो रुपमा सञ्चालन गर्ने मार्गचित्र प्रदान गर्ने भएकाले तोकिएको समयभित्र सम्भाव्यता जाँचसहितको प्रतिवेदन पेश गर्न प्रस्तावकलाई आग्रह गर्नुभयो ।

# मिटरब्याजपीडितको आठ बिघा जग्गा फिर्ता

काठमाडौँ, २९ असार (रासस) ।

मिटरब्याजका साहुहरूले लिएको आठ बिघा जग्गा पीडितहरूले फिर्ता पाएका छन् ।

गृह मन्त्रालयका अनुसार उनीहरूले अहिलेसम्म आठ बिघा आठ कट्ठा नौ धुर जमिन फिर्ता पाएको र अझै मेलमिलापमार्फत फिर्ता हुने क्रम जारी रहेको छ। यसरी जग्गा फिर्ता पाउनेमा ४५ जना पीडित रहेका छन् ।

सरकारले पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको अध्यक्षतामा गठन गरेको अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी जाँचबुझ आयोगले अहिले मेलमिलापमार्फत समस्या समाधानलाई प्राथमिकता दिएर काम अघि बढाइरहेको छ ।

आयोगका सदस्य उत्तमराज सुवेदीले पीडितहरूले देशभर हालसम्म झन्डै २४ हजार उजुरी दिएका र त्यसमध्ये एक हजार पाँच सय जति उजुरीमा मेलमिलाप गराइएको जानकारी दिनुभयो ।

यसअघि सरकारले जिल्ला प्रशासन कार्यालयमार्फत उजुरी दिनसक्ने व्यवस्था गरेको थियो । आयोगका सदस्य सुवेदीका अनुसार फर्छ्योट भएका उजुरीमध्ये ३० प्रतिशत अदालतबाट फैसला भएका मुद्दाहरू छन् । यसअघि अदालतबाट पीडितका विरुद्धमा फैसला भएको भन्दै पीडितहरूले त्यस्तो निर्णय खारेजी हुनुपर्ने माग गरेका थिए ।

आयोगले अहिले मेलमिलापलाई नै प्राथमिकता दिएको र मिलाप हुन नसकेका गम्भीर प्रकृतिका घटनाका विषयमा मात्रै कारबाहीका लागि सिफारिस गरिने उहाँले बताउनुभयो ।

नेपाल सरकारले जाँचबुझ आयोग ऐन, २०२६ को दफा ३ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धमा जाँचबुझगर्न गत चैत २० को निर्णयानुसार जाँचबुझ आयोग गठन गरेको थियो । यही असार २५ गतेदेखि आयोगको म्याद सकिएपछि, सरकारले पुनः तीन महिनाका लागि म्याद थप गरेको छ । आयोगले वैशाख १७ गतेदेखि धनुषाको जनकपुरमा कार्यालय स्थापना भई कार्यसञ्चलन गरिरहेको छ ।

# जनमत पार्टीको केन्द्रीय समिति विस्तार

काठमाडौँ, २९ असार (रासस) ।

डा सिके राउतले नेतृत्व गरेको जनमत पार्टीले केन्द्रीय समिति विस्तार गरेको छ। सो पार्टीको सचिवालय बैठकले केन्द्रीय समिति बिस्तार गरेको हो ।

बैठकले १७ सदस्यीय सचिवालय, ३९ सदस्यीय कार्यकारिणी समिति, १४ सदस्यीय राजनीतिक समिति र दुई सय १६ जनाको केन्द्रीय समिति बनाउने निर्णय गरेको पार्टीका कोषाध्यक्ष सुरेन्द्रनारायण यादवले जानकारी दिनुभयो । उहाँका अनुसार केन्द्रीय समितिमा अधिकांश नयाँ सदस्य रहनुभएको छ ।

यसअघि केन्द्रीय समितिमा रहेका केहीलाई भने सचिवालयमा ल्याइएको छ । पार्टीको विधानअनुसार तीन सय ५१ सदस्यीय केन्द्रीय समिति बनाउनुपर्नेमा तत्काल दुई सय १६ सदस्यीय केन्द्रीय समिति बनाइएको सो पार्टीले जनाएको छ । यसैगरी डा शरद्‌सिंह यादवलाई प्रवक्ताको जिम्मेवारी दिइएको जनाइएको छ ।

# अनुचित लेनदेनका फरार अभियुक्त पक्राउ

**दैनिक समाचारदाता**
**राजबिराज, २९ असार ।**

प्रहरीले अनुचित लेनदेन तथा अपराधिक विश्वासघात मुद्दाका फरार एक अभियुक्तलाई पक्राउ गरेको छ ।

ललिता देवी साहको जाहेरीका आधारमा राजबिराज वडा न. ६ बस्ने ४२ वर्षिय मनोज कुमार दासलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

प्रहरीका अनुसार अनुचित लेनदेन तथा अपराधिक विश्वासघात मुद्दामा अनुसन्धानको सिलसिलामा असार २८ गते पक्राउ परेका दासलाई शुक्रबार जिल्ला अदालतबाट म्याद थप गराई अनुसन्धान कार्य सुरु गरेको जनाएको छ ।

उनी बिरुद्ध सप्तरी जिल्ला अदालतबाट असार २१ गते पक्राउ आदेश जारी भएको जिल्ला प्रहरी

### *आगलागिमा ६ ...*

आगोलाई नेपाल प्रहरी, स्थानियबासी, हनुमाननगर कंकालिनि नगरपालिकाको बारुण यन्त्रको सहयोगमा पूर्ण रुपमा नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

कार्यालय सप्तरीका प्रवक्ता एवं डिएसपी नरेश कुमार सिंहले जानकारी दिए ।

### *कोशी नदीमा ...*

वर्षासँगै सप्तकोशी नदीमा पानीको बहाव बढ्न सुरु भएको छ । शुक्रबार दिउँसो सप्तकोशी नदीमा पानीको बहाव १ लाख ६७ हजार २ सय ८५ क्विसेक प्रतिसेकेन्ड रेकर्ड भएको छ ।

पानीको बहाव बढेपछि कोशी ब्यारेजका ५६ मध्ये अहिले ११ बटा ढोका खोलिएको कोशी ब्यारेज कन्ट्रोल रुमले जनाएको छ ।


**डा. कालीप्रसाद यादव**
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजबिराज
**डा. रिपला आचार्य**
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
हनुमाननगर रोड, राजबिराज, ९८१९७२१५२६, ९८१७७८१९८७

**लामखुट्टेबाट सर्ने रोगबाट बचौं।**
औलो(मलेरिया),डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लामखुट्टेको टोकाईबाट हुने गर्दछ।
यसबाट बच्न,
➢ झुल लगाएर सुत्ने,
➢ पूरा शरीर ढाक्ने गरी लुगा लगाउने,
➢ शरीरका खुल्ला अंगमा लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने,
➢ घरको झ्याल तथा ढोकामा जाली राख्ने,
➢ घर वरिपरि, बगैंचा र सार्वजनिक स्थानमा पानी जम्न नदिने र खाल्डाखुल्डि पुर्ने,
➢ ढल, नाला खुल्ला नराख्ने,
➢ पोखरी, दह तथा नालाहरुमा लामखुट्टेको लार्भा खाने माछा पाल्ने,
➢ सुंगुर, बंगुर, हाँस घोडाजस्ता पशुपन्छीहरु व्यवस्थित ढंगले पाल्ने,
➢ मानिस बस्ने घरभन्दा पशुपन्छीको खोर टाढा राख्ने।
नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
CITY EXPRESS Money Transfer Made Easy
Best Remit Quick & Easy
PRABHU Money Transfer प्रभुको इच्छा रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money CHAUDHARY GROUP


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*